# भोटेकोशी नदीमा आएको बाढीको कारण उत्पन्न अवस्था

२०८३ भाद्र १० गते देखि २०८३ असोज ०८ गते बेलुका ६:०० बजेसम्मको विवरण

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको पुर्वानुमान बुलेटिन अनुसार मिति २०८३ असोज ०९ देखी ११ गतेसम्म भारी वर्षाको सम्भावनाले निम्त्याउन सक्ने बाढी, पहिरो, डुबानजस्ता विपद्जन्य जोखिमलाई मध्यनजर गर्दैः

- त्रिशूली 3A र 3B जलविद्युत आयोजनामा खोज तथा उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, CSSR टिम र आयोजनाका कर्मचारीको टोलीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको।
- यात्रु तथा सवारी साधन चालकहरूले मौसम तथा सडकको अवस्था बुझेर मात्र यात्रा गर्न, जोखिमयुक्त स्थानमा नजान र सम्बन्धित निकायबाट जारी हुने सुरक्षा निर्देशनको पूर्ण पालना गर्न अनुरोध गरिएको।
- जिल्ला भित्रका सडक खण्डहरुमा मिति २०८३ असोज ०८ देखी ११ गते सम्म बेलुका ९:०० बजेदेखि बिहान ५:०० बजेसम्म अत्यावश्यक बाहेकका सवारी साधनको आवागमनमा रोक लगाईएको।
- Rubber Boat लगायत उद्दार सामाग्रीहरु खोज तथा उद्दारको लागि तयारी अवस्थामा राखिएको।

## १. मानवीय उद्धार, बेपत्ता र शव सम्बन्धी विवरण

### उद्धार संख्या

| | नेपाली नागरिक | | विदेशी नागरिक | | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| ३,६३० उद्धार संख्या | १,९८५ | १,३८७ | २३२ | २६ | २०८३ भाद्र १० गतेदेजि असोज ७ गतेसम्म |
| | ० | 0 | ० | ० | २०८३ असोज ८ गते बेलुका ६:०० बजेसम्म |

### शव निकालिएको संख्या

| | पुरुष | महिला | लिङ्ग पहिचान नभएको | घाइते | |
|---|---|---|---|---|---|
| २०४ शव निकालिएको | ५० | ४८ | १०६ | ६६ | २०८३ भाद्र १० गतेदेजि असोज ७ गतेसम्म |
| | ० | ० | ० | ० | २०८३ असोज ८ गते बेलुका ६:०० बजेसम्म |

### बेपत्ता निकालिएको संख्या

| | नेपाली नागरिक | | विदेशी नागरिक | | नखुलेको | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | | |
| २,७२३ बेपत्ता निकालिएको | १,९०१ | ४६७ | १८० | १७५ | ० | २०८३ भाद्र १० गतेदेजि असोज ७ गतेसम्म |
| | ० | ० | ० | ० | ० | २०८३ असोज ८ गते बेलुका ६:०० बजेसम्म |

*जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

फोन नं. ०१०-५६०३३३
०१०-५६०३६६
इमेल
daonuwakot@moha.gov.np
nuwakotcdo@gmail.com
वेबसाइट daonuwakot.moha.gov.np

# जिल्ला प्रशासन कार्यालय
विदुर,नुवाकोट

पत्र संख्या : ०८३/८४

मिति:२०८३।६।८

## जिल्ला प्रशासन कार्यालय नुवाकोटको अनुरोध !!!

नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाद्धारा जारी भएको मौसम बुलेटिन अनुसार मिति २०८३ असोज ९ गते देखि मिति २०८३ असोज ११ गतेसम्म भारी वर्षाको पूर्वानुमान गरिएको हुँदा भारी वर्षाको कारण भू-क्षय, वाढी, पहिरो जाने तथा खोलानालाहरुमा पानीको बहाव बढ्न सक्ने, ग्रेगान बहाव हुन सक्ने हुँदा उच्च सतर्कता अपनाई सुरक्षित स्थानमा रहनु हुन, जरुरी काम नपरी यात्रा नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध छ।

विपद्को दृष्टिकोणमा यस जोखिमपूर्ण अवस्थामा सर्वसाधारणको जीउधनको सुरक्षालाई मध्यनजर गर्दै **मिति २०८३ असोज ८ गते देखी २०८३ असोज ११ गते सम्म बेलुका ९:०० बजेदेखि विहान ५:०० बजेसम्म यस नुवाकोट जिल्ला हुँदै** जिल्ला बाहिर तथा अन्य जिल्लाबाट नुवाकोट जिल्लामा भित्रिने तपसिल अनुसारका सडकहरुमा अत्यावश्यक सेवा जस्तैः एम्बुलेन्स, दमकल, सुरक्षा निकायका सवारी साधन आदि बाहेकका अन्य सम्पूर्ण सार्वजनिक तथा निजी सवारी साधनहरूको आवतजावत पूर्ण रूपमा बन्द गरिएको व्यहोरा सबैमा जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | सडक | कैफियत |
|---|---|---|
| १. | टोखा – छहरे - त्रिशुली सडक | |
| २. | पासाङ्गल्हामु राजमार्ग (ठुलोखोला-ककनी - पिपलटार) | |
| ३. | गल्छी–त्रिशुली -बेत्रावती सडक | |
| ४. | चौघडा - बाहुनबेशी - सूर्यगढी - लच्याङ सडक | |
| ५. | पिमलटार - दर्शनटार हुदै कोलनि जोड्ने सडक | |
| ६. | पुष्पलाल मध्यपहाडी लोकमार्ग नुवाकोट खण्ड (पट्टिभञ्ज्याङ - सामरी भञ्ज्याङसम्म) | |
| ७. | ढिकुरे – बाहुनबेसी – दुप्चेश्वर - घ्याङफेदी साथै कुटुङसाङ तर्फ समेत | |

नोटः

१. मौसमको प्रतिकूलता वा अनुकुलता र सडकको अवस्था हेरी जुनसुकै बेला पनि सवारी आवागमन रोक्न तथा खुला गर्न सकिनेछ।

२. विपद् सम्बन्धी जानकारी तथा सहयोगका लागि निम्नानुसारका हटलाइन नम्बरहरूमा सम्पर्क गर्न सक्नुहुनेछः

- नेपाल प्रहरीः १००
- सशस्त्र प्रहरी बलः ११९४
- जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC): ११३४
- ट्राफिक प्रहरी-१०३

२०८३।६।८

(कृष्ण प्रसाद हुमागाई)
सहायक प्रमुख जिल्ला अधिकारी

## २. भौतिक पुर्वाधार क्षतिको विवरण


पूर्ण: ६
आंशिक: ३
**विद्यालय**



पूर्ण: १७
आंशिक: ०
**पक्की पुल**


पूर्ण: १८
आंशिक: ०
**झोलुङ्गे पुल**


पूर्ण: ६१
आंशिक: ०
**सरकारी सवारी साधन**


पूर्ण: ५.५ कि.मी
आंशिक: २०. कि.मी
**सडक**


पूर्ण: १४
आंशिक: २
**सरकारी कार्यालय**


पूर्ण: २
आंशिक: ०
**स्वास्थ्य चौकी (खोप केन्द्र)**


पूर्ण: १४
आंशिक: ०
**सहकारी संस्था**


पूर्ण: ६
आंशिक: ०
**जलबिधुत आयोजना**

माथी उल्लेखित विवरणहरू प्राप्त हुने क्रममा रहेका कारण, परिवर्तन हुन सक्ने। मिति २०८३ असोज ०८ गते सम्मको

## ३. प्रभावित घरधुरी संख्या (स्थानीय तहगत)

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदुर नगरपालिका | १ | ३९० | ९३ | ४८३ |
| २ | विदुर नगरपालिका | ३ | ८० | २८ | १०८ |
| ३ | विदुर नगरपालिका | ४ | ६० | २७ | ८७ |
| ४ | विदुर नगरपालिका | ५ | २६२ | ७६ | ३३८ |
| ५ | विदुर नगरपालिका | ६ | ५ | ४ | ९ |
| ६ | विदुर नगरपालिका | ७ | १२० | ८० | २०० |
| ७ | विदुर नगरपालिका | ८ | ५ | ० | ५ |
| ८ | विदुर नगरपालिका | ९ | ९० | ४० | १३० |
| ९ | विदुर नगरपालिका | १० | २९० | २८ | ३१८ |

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| १० | बेलकोटगढी नगरपालिका | ५ | १२ | ३८ | ५० |
| ११ | बेलकोटगढी नगरपालिका | ७ | ५५ | २५ | ८० |
| १२ | बेलकोटगढी नगरपालिका | ८ | ४८ | १७ | ६५ |
| १३ | किस्पाङ्ग गाँउपालिका | ५ | ३४ | ० | ३४ |
| १४ | तार्केश्वर गाँउपालिका | २ | ३ | ० | ३ |
| १५ | तार्केश्वर गाँउपालिका | ४ | १८ | २७ | ४५ |
| जम्मा | | | १,४७२ | ४८३ | १,९५५ |

## ४. खोज तथा उद्दार



१. नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट प्राप्त सूचना अनुसार यहि असोज ०८ देखी ११ गतेसम्म भारी वर्षाको सम्भावनाले निम्त्याउन सक्ने विपद्जन्य जोखिमलाई मध्यनजर गर्दै त्रिशूली 3A र 3B जलविद्युत आयोजनामा खोज तथा उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, CSSR टिम र आयोजनाका कर्मचारीको टोलीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

२. बाढिबाट प्रभावित बिभिन्न १० स्थानहरुमा सशस्त्र प्रहरी बल, नेपालबाट Forward Base स्थापना गरी CSSR, Disaster Management साथै ३ स्थानमा CSSR, Disaster Management र K-9 Dog Team परिचालन भइरहेको।

३. मिति २०८३ असोज ८ गते खोज तथा उद्दार कार्यका लागि ८ (shuttle) पटक हेली उडान गरिएको।

४. नेपाल प्रहरीको केनाइन टोली (२ वटा तलिम प्राप्त कुकुर र ४ जनाको जनशक्ति), १२ जना नेपाल प्रहरी सहितको टोलीले त्रिशुली देखि वेत्रावती क्षेत्रमा खोज तथा उद्धारको कार्य गरिरहेको।

५. नेपाल प्रहरीको १० जनाको श्रव्यदृश्य विज्ञ टोली ड्रोन मार्फत बाढी प्रभावित खोला किनाराहरुमा वस्तुस्थितिको अवलोकन, निरीक्षण र विवरण संकलन गरी खोज तथा उद्धारमा सहजीकरण गरिरहेको। समग्रमा करिब ४४८ जना नेपाल प्रहरी खोज तथा उद्धारका लागी परिचालन भएको।

६. बाढीबाट प्रभावित व्यक्तिहरु रहेको होल्डिङ्ग सेन्टरहरुमा, खोला किनारमा खोज तथा उद्धारका लागी, राहत संकलन तथा वितरण केन्द्रहरुमा र त्रिशुली नदीको दुबै तर्फ खोज तथा उद्धार कार्यमा गरी करिब ४१९ जना सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरु परिचालन भएको।

७. सशस्त्र प्रहरी बल, नेपालबाट Rubber Boat लगायत उद्दार सामाग्रीहरु खोज तथा उद्दारको लागि तयारी अवस्थामा राखिएको।

## ८. सडक सञ्चालन

१. गल्छी-देवीघाट सडक खण्डको ठुलो खोला पुल सफा गरी सडक संचालनमा रहेको तर पानी पुल माथिबाट बगिरहेको। रातमाटेको कटान भएको सडक खण्ड बनाउने कार्य भई संचालनमा रहेको।

२. देवीघाट स्थित तादी खोलामाथिको पुल त्रिशुली नदीमा आएको बाढीले बगाएर यातायात अवरुद्ध भएकोमा सो खोलामा एक्रो ब्रिज (ACRO BRIDGE) जडान कार्य सम्पन्न भई सडक सुचारू भएको।

३. ढुंगे बजार क्षेत्र देखि तिरतिरे भीरबाट करिब १.७५ कि.मी. बेत्रावती तर्फ सडक सफा गर्ने कार्य सकिएको, ग्राबेल विछ्याउने र नाली बनाउने कार्य भईरहेको। बाँकी खण्डमा भएको चट्टान नेपाली सेनाबाट ब्लास्टिङ समेत गरी सो चट्टान फोड्ने कार्य भई सडकको ट्रयाक खोल्ने कार्य भइरहेको।

**बैकल्पिक सडक**

१. बाहुनेबेसी-लच्याङ्ग-पारच्याङ्ग-धुन्चे जाने सडकमा साना सवारी साधन संचालनमा रहेको।

२. विदुर-चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरो किलो- धुञ्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।

३. ढिकुरे - फेदीबेसी-चोगते, बोरेभञ्ज्याङ्ग- ढुङ्गेश्वारा हुँदै बेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।

४. चोगाते - बोरेभञ्ज्याङ- दण्डश्वारा- ढुङ्गेश्वारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईहेको।



५. विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।

६. कोलोनी - बुद्धसिंहघाट जाने सडक सुचारू रहेको।

७. गल्छी — कोशीखोला - कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।

८. नुवाकोटको बिदुर-९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा— ३, देविघाटमा — १, सिमचौरमा— १ गरी जम्मा ५ वटा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको। उक्त मध्य दुई तुईनलाई मोटरबाट अपरेट हुने गरी बनाइएको।

९. इन्द्रायणी चौर र त्रिशुली गुम्बा बीच सामान ढुवानी सहज गर्नको लागी २ वटा Zip Line निर्माण कार्य सम्पन्न भई सुचारू भएको।

१०. बेलकोटगढी- निरन्जना सडक सुचारू रहेको।

११. बिदुर- पिपलटार- धमले- निरन्जना- बागखोर- देउराली- दुईपिपल- कोल्पुटार हुँदै गल्छी जाने बाटो बैकल्पिक रुपमा प्रयोग गर्न सकिने।

१२. ढुङ्गेबाट पारिपट्टी झोलुङ्गे पुल राख्न Foundation राख्ने कार्य भईरहेको।

१३. बेत्रावतीबाट रसुवा जोड्ने बेली ब्रिज राख्न Foundation खन्ने कार्य भईरहेको।

## ९. स्वास्थ्य





१. नेपाली सेनाको मेडिकल टिमले होल्डिङ्ग सेन्टरहरूमा सम्भावित संक्रमण फैलिन नदिनका लागि Disinfection को कार्य गरिरहेको साथै प्रभावितहरुलाई मनोसामाजिक परामर्श दिने कार्य भइरहेको।
२. सशस्त्र प्रहरी बलको विज्ञ डाक्टर तथा स्वस्थ्यकर्मीद्वारा २४ सै घण्टा परिचालित भई मोबाइल मेडिकल सर्भिस प्रदान गरिएको।उक्त टोलीले विस्थापित तथा उद्धार गरिएका पीडितहरूलाई निरन्तर रूपमा आवश्यक स्वास्थ्य सेवा तथा टोलीमार्फत मनोसामाजिक परामर्श दिने कार्य समेत गरिरहेको।
३. मिति २०८३ असोज ०८ गते बेलुका ६ सम्ममा सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा ५,२६८ जनाको स्वास्थ्य जाँच गरिएको।
४. आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोटमा मिति २०८३ असोज ०८ गते सम्म ४,६७० जना व्यक्तिहरूले उपचार सेवा प्राप्त गरी उपचारपश्चात् डिस्चार्ज भएका छन्।
५. मिति २०८३ असोज ०८ गते सम्म जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा विभीन्न संघ-संस्थाहरुको सहयोगमा सवै होल्डिङ्ग सेन्टरहरूमास मनोसामाजिक परामर्ष ५,२१४ जनालाई र स्वास्थ्य सेवा १२,५६० जनालाई प्रदान गरिएको। (एउटै सेन्टरमा दैनिक रूपमा सेवा प्रदान गरेको हुँदा, सेवा संख्यामा।)
६. मिति २०८३ असोज ०८ सम्ममा प्रभावित क्षेत्रहरूमा ५०,६३९ जनालाई हैजा बिरूद्धको खोप दिईएको।

## १०. खानेपानी

१. देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरि खानेपानीको व्यवस्थापन भएको।
२. विदुरमा विभिन्न स्थानहरुमा ट्याङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।
३. खानेपानी तथा सरसफाइमा कार्य गर्ने सरकारी तथा गैह्र सरकारी संस्थाहरु सहभागी रहेको।
४. ३२ वटा खानेपानी आयोजनाहरुको अनुमानित ५८ करोड ६० लाख क्षति भएको र अन्य आयोजनाहरुको विवरण प्राप्त हुने क्रममा रहेको।
५. प्रदेश खानेपानी तथा सरसफाइ डिभिजन नुवाकोटबाट केन्द्रिय कारागार, विदुर खानेपानी, शेरा खानेपानी विदुर, रातमाटे खानेपानी वेलकोटगढी लगायतलाइ विभिन्न साइजको ९,५०० मीटर पाइप वितरण गरि पानी संचालनमा सहयोग गरेको ।
६. खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत भक्तपुर डिभिजनबाट १०० के भि एको जेनेरेटर, स्टेबलाइजर, विदुर खानेपानी लगायत विभिन्न खानेपानीलाई २९,७०० मीटर पाईप वितरण गरि पानी संचालन भएको।
७. विदुर नगरपालिका–५ स्थित स्टेडियमको सेटलमेन्टमा निर्माणाधीन ६,००० लिटर क्षमताको ब्लाडर पानी ट्याङ्की राखिएको।
८. ५ के भि जेनेरेटर १, विदुर खानेपानीलाई र सुन्दरी केउरेनी सेल्टर पम्प १ थान र जेनेरेटर १ थान, पाइप, फिल्टर लगायत हाइजिन किट वितरण, चर्पी १०० थान विदुर नगरपालिका लाइ हस्तान्तरण भएको।
९. विदुर नगरपालिकालाई २,००० लिटर, ५,००० लिटर र २०० लिटर क्षमताका पानी ट्यांकी तथा सबमर्सिबल पम्पहरू हस्तान्तरण गरिएको छ, साथै विभिन्न सेल्टर तथा सार्वजनिक स्थानहरूमा चर्पी, वास स्टेशन, चेन्जिङ रुम, पानी ट्यांकी र पानी वितरण प्रणाली स्थापना गरिएको।

१०. WASH सेवाअन्तर्गत १० वटा नमुना चर्पी निर्माण, १३ स्थानमा पानी परीक्षण, क्लिनिङ किट, वासिङ सेट, बाथिङ सेट, ह्यान्ड वासिङ स्टेशन तथा होल्डिङ सेन्टरमा पानी ट्यांकरमार्फत सेवा प्रदान गरिएको।

११. नेपाल रेडक्रस लगायतका निकायमार्फत थप पानी ट्यांकी, पम्प र फिल्टर जडान तथा वितरण भइरहेको छ भने पियुसमार्फत पानी शुद्धीकरण सामग्री वितरण र सुरक्षित पानी प्रयोगसम्बन्धी जनचेतना सामाजिक सञ्जाल, सञ्चार माध्यम र स्वयंसेवकमार्फत प्रवाह भइरहेको।

१२. पानी शुध्दिकरणका सामाग्री पियुस वितरण भइ रहेको तथा पानी शुध्दिकरण सम्बन्धि मेडिया तथा सामाजिक संजाल तथा स्वयमसेवक मार्फत सुचना प्रवाह भइरहेको ।

## ११. राहत वितरण



गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सवै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।

१. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भइरहेको ।

२. मितिः २०८३ असोज ०७ गते सम्ममा ५०० वटा संघ-संस्था मार्फत राहत संकलन भएको।

३. मितिः २०८३ असोज ०७ गते सम्ममा १,४२९ वटा ठाउँहरूमा राहत वितरण भएको।

४. मितिः २०८३ असोज ०८ गते संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेको।

## १२. शव व्यवस्थापन

१. मिति २०८३ असोज ०८ गते बेलुकासम्ममा कुल ३९ वटा शवको पहिचान भएकोमा ३९ शव आफन्तहरूलाई जिम्मा लगाईएको।

२. विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि २०४ बटा शव फेला परेको।

३. मिति २०८३ असोज ०८ गतेसम्ममा रसुवा जिल्लाबाट ल्याईएको १०७ वटा र नुवाकोट जिल्लामा फेला परेका ५ वटा गरी जम्मा ११२ वटा शवको **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७८"** बमोजीम विदुर नगरपालिकाको वडा नं. ६ मा रहेको खम्बाक्याम्प स्थित केन्द्रिय कारागारको खाली जमिनमा व्यवस्थापन गरिएको।

४. मिति २०८३ असोज ०८ गते सम्ममा नुवाकोट जिल्लामा २३ शवको पोष्टमार्टम गरी डि.एन.ए Sample संकलन गरिएको र हालसम्म सम्पर्क बिहिन ६७ जना व्यक्तिहरूको परिवारजनको डि.एन.ए Sample संकलन गरिएको।

## १३. होल्डिङ्ग सेन्टरको विवरण

| होल्डिङ सेन्टर संख्या | बसोबास संख्या | | | |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| ८ वटा | ९२ | ९५ | १८७ | २०८३ भाद्र १० गतेदेखि असोज ७ गतेसम्म |
| | ९२ | ९१ | १८७ | २०८३ असोज ८ गते बेलुका ६:०० बजेसम्म |

| क्र.सं. | होल्डिङ्ग सेन्टर रहेको स्थान | शिविरको नाम | बसोबास संख्या | | | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | बेलकोटगढी-७ | महादेब क्याम्पस महादेवफाँट | ४ | ४ | ८ | विवेचना अधिकारी ९८६१३२२८११ |
| २ | बेलकोटगढी-७ | शिलादेवी मा बि रातमाटे | १९ | १४ | ३३ | सविन भण्डारी ९८४४३९२३६५ |
| ३ | बेलकोटगढी-८ | जनसेवा आ.वि | ८ | १० | १८ | उर्मिला चित्रकार ९८२८०८४५६९ |
| ४ | विदुर-२ | कवर्ड हल | १ | ६ | ७ | अस्मिता थापा ९८४१५४८३०३ |
| ५ | विदुर-२ | अन्नपुर्ण पञ्चकन्या आ.वि | १६ | १० | २६ | किरण डंगोल ९८४१६७१७४५ |
| ६ | विदुर-७ | जनजागरण महिला समुह सामुदायिक भवन | ३७ | ३० | ६७ | गजेन्द्र घर्ती ९८१०८६०३१९ |
| ७ | विदुर-९ | स्टार बोर्डिङ्ग कोलोनि | ७ | ४ | ११ | देवी बहादुर शाही ९८४८२९१९६२ |
| ८ | विदुर-१० | सुन्दरी क्यौरीनि मा.वि. | ३ | १४ | १७ | दिपक दुलाल ९८४९०२५५३५ |
| | | जम्मा | ९१ | ९२ | १८७ | |

**थप जानकारी तथा विवरणका लागि**

**Website:** http://www.daonuwakot.gov.np
**Facebook Page:** http://www.facebook.com/daonuwakot0
**Dead Body पहिचानको लागिः** http://www.nepalpoilce.gov.np